आज मिति २०७४ साल फागुन महिनाको १५ मंगलबार शिवालय गाउँ कार्यपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी विभिन्न प्रस्तावहरु उपर छलफल गरी आवश्यक निर्णय गरियोः

**उपस्थितिः**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं ५ |
| श्री भक्त बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं ८ |
| श्री दिपक बहुादर खड्का | वडा अध्यक्ष वडा नं ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सृजना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री रविन्द्र बुढा क्षेत्री | सदस्य सचिव |

**<u>प्रस्तावहरुः</u>**

१। रकम अभाव भएका खानेपानी योजना सम्बन्धमा ।
२। विद्यालय तथा स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी मेसिन जडान सम्बन्धमा ।
३। न्यायिक समिति तथा कार्यपालिकाका पदाधिकारीलाई दिइने तालिमका लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।
४। वडा कार्यालयका लागि फर्निचर तथा अन्य सामग्री व्यवस्थापन सम्बन्धमा ।
५। विभिन्न संस्थाहरुलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।
६। ने रा मा वि स्यापीलाई झोला वितरणवापत्को रकम उपलब्ध गराउने सम्बन्धमा ।
७। घरेलु विकास समितिको तालिमका लागि स्थान तथा सहभागी छनौट सम्बन्धमा ।
८। निर्माण तथा र स्तरोन्नति सम्पन्न भएका सडक र अन्य योजना सम्बन्धमा ।
९। सडक योजना
१०। लघु उद्यम विकास कार्यक्रमको लागि अनुमति तथा बस्ती छनौट सम्बन्धमा ।
११। सिमा बर्थिङ सेन्टर मर्मत तथा आवश्यक सामग्री खरिद सम्बन्धमा ।
१२। म्याचिङ रकम सम्बन्धमा ।
१३। संस्था छनौट सम्बन्धमा ।
१४। कर्मचारी छनौट सम्बन्धमा ।
१५। न्यायिक समितिको लागि प्रस्तावित बजेट सम्बन्धमा ।
१६। ज्ञानकुञ्ज प्रा वि वडा नं. ९ सम्बन्धमा ।
१७। शीर्षक परिवर्तन सम्बन्धमा ।
१८. कोसेटाकुरा देवीको मन्दिर निर्माण म्याचिङ रकम सम्बन्धमा ।
१९. मोर्क खोलामा कजवे निर्माण म्याचिङ सम्बन्धमा ।
२०। सरस्वती मा.वि. का सोलार पावर जडान सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**<u>निर्णय नं. १</u>** प्रस्ताव नं. १ मा छलफल गर्दा यस गाउँपालिकाको गाउँ सभाले बजेट विनियोजन गरेका खानेपानी निर्माण योजनाका लागि **रकम अभाव हुन गएको हुँदा लागत अनुमान अनुसारको रकम रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु शीर्षकबाट** कन्टिजेन्सी रकम समेत समावेश गरी अपुग रकम विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. २.</u>** प्रस्ताव नं. २ मा छलफल गर्दा यस गाउँपालिका भित्रका ३ वटा विद्यालयहरु (सरस्वती मा वि सिमा, वीरेन्द्र मा वि जुँगाथापाचौर र इन्द्रज्योति मावि थालारैकर) तथा ३ वटा स्वास्थ्य संस्थामा २०७४ चैत्र महिना भित्र विद्युतीय हाजिरी मेसिन जडान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३.</u>** जिल्ला अदालत बार इकाइबाट मिति २०७४।११।०८ देखि १२ सम्म न्यायिक समितिका लागि सञ्चालित तालिमका लागि रु. ५००००/- र कार्यपालिकाका पदाधिकारीलाई मिति २०७४।११।२० देखि २२ सम्म दिइने तालिमका लागि जिल्ला समन्वय समितिबाट माग भए अनुसारको रकम उपलब्ध गराउने गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको निर्णय सदर गरियो ।

**<u>निर्णय नं. ३.</u>** सबै वडा कार्यालयका लागि आवश्यक फर्निचरहरुको विवरण तयार गरी खरिद प्रकृया अगाडी बढाउने र यथाशिघ्र वडा कार्यालयहरुमा हस्तान्तरण गर्ने निर्णय गरियो । साथै यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गरिएका ल्यापटप कम्प्युटर तथा मल्टिफङ्सन प्रिन्टरहरु वडा कार्यालयहरुलाई उपलब्ध गराउने र सो सामग्रीहरु वडाध्यक्ष वा वडा सदस्यबाट बुझिलिने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ४.</u>** गाउँपालिकाबाट रकम उपलब्ध गराइदिनका लागि माग गरेका विभिन्न संस्थाहरुलाई निम्नानुसार रकम उपलब्ध गराउने निर्णय गरियोः

नेपाल मगर संघः ३००००/-

जाजरकोट युवा क्रिकेट क्लबः २००००/-

नेपाल क्रान्तिकारी पत्रकार संघः ५००००/-

प्रहरी कार्यालय छेडाचौरः ५००००/-

**<u>प्रस्ताव नं. ५.</u>** ने. रा. मा. वि. स्यापीलाई विद्यार्थी झोला वितरणवापत्को रकम रु. १०००००/- उपलब्ध गराउने सम्बन्धमा ।

**<u>प्रस्ताव नं. ६.</u>** घरेलु विकास समितिको भगत सर्वजित उद्यमशीलता तालिमका लागि जाजरकोट जिल्लाको खलंगा र सीपमूलक तालिम हाउस वायरिङका लागि जाजरकोट जिल्लाकै खलंगामा तालिम स्थल तोक्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ७.</u>** प्रस्ताव नं. ७ मा छलफल गर्दा तपसिल बमोजिमका निर्माण र स्तरोन्नति गरिएका सडक र अन्य योजनाको भुक्तानी मूल्यांकन तथा नापी किताबको आधारमा दिने निर्णय गरियो ।

<u>तपसिल</u>

मयलतरा लिस्पानी सडक स्तरोन्नती शिवालय ८
सेवाला देखि टाटासम्म सडक स्तरोन्नती शिवालय ४
मोर्क देखि आले ढडमेला सडक स्तरोन्नती शिवालय १
बडाकाँडा देखि ओरालपाटा जोडने सडक निर्माण शिवालय ९
बालुवा बडाकाडा सडक स्तरोन्नती शिवालय ९
भलाचौर देखि सरस्वती मा.वि. सम्म ढुंगा बिछ्याउने कार्य

साथै मोर्कखि बालुवा हुँदै रिटेखोला र मोर्कदेखि छेडाचौर सडकका विभिन्न स्थानहरुमा पहिरो गई बाटो अवरुद्ध भएको अवस्थामा बाटो सुचारु गर्नका लागि लागेको रकम मूल्यांकन भए अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ८.</u>** गाउँ सभाबाट बजेट विनियोजित सडक योजनाहरु कार्यान्वयन गर्नका लागि उपभोक्ता समितिबाट सम्पादन गराउन सकिने रकमको सीमाभित्र रही ट्र्याक ओपनिङको लागि सम्झौता गर्ने र बजेट विनियोजित रकम अपुग भएमा आर्थिक वर्ष २०७५/७६ मा शोधभर्ना दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ९.</u>** प्रस्ताव नं. ९. मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. १ को सिस्नेमा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि पहाडी क्षेत्र विकास अभियानलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १०.** प्रस्ताव नं.१० छलफल गर्दा सिमा बर्थिङ सेन्टर तथा स्वास्थ्य चौकी भवनहरु मर्मतको लागि लागत अनुमान स्वीकृत गरी यथाशीघ्र मर्मत गर्ने तथा आवश्यक सामग्री खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ मा छलफल गर्दा जिल्ला प्राविधिक कार्यालयबाट माग भए अनुसारको झोलुंगे पुलका लागि ६ प्रतिशत म्याचिङ रकम उपलब्ध गराउने निर्णय गरियो ।साथै सहलगानी स्वच्छता परियोजनाबाट स्वास्थ्य र स्वच्छता क्रियाकलापको लागि सावि जुंगाथापाचौरबा लागि रु. २५००००/- र थालारैकरलाई रु. ३०००००/- समपूरक कोष उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२.** यस गाउँपालिकाबाट हेल्भेटास नेपालबाट सञ्चालन गरिने कृषि तथा पशु सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नका लागि हिमालय समाज विकास केन्द्र, जाजरकोटलाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३.** यस गाउँपालिकाका लागि आवश्यक कार्यालय सहयोगी तथा सुरक्षा सेवा करारमा लिने प्रमुख प्रशासकीय अधिकृतको निर्णयलाई सदर गरियो ।

गाउँपालिकाको न्यायिक समितिका लागि अध्यक्षले गर्नुभएको कानूनी सल्लाहकार तथा स्वकीय सचिवको नियुक्ति सदर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.** न्यायिक समितिको लागि प्रस्तावित बजेटलाई अध्ययन गरी उपयुक्त तवरले परिमार्जन सहित आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.** ज्ञानकुञ्ज प्रा वि वडा नं. ९ को भवन तत्काल मर्मत गर्नुपर्ने भएको हुँदा लागत अनुमान तयार गरी सोही अनुसार **रकम अभाव भएका योजना सञ्चालन तथा तत्काल आवश्यकता सिर्जना भई सञ्चालन गर्नुपर्ने योजनाहरु शीर्षकबाट** रकम विनियोजन गर्ने निर्णय गरियो ।सो विद्यालयका लागि विनियोजित फर्निचर निर्माण रकमबाट फर्निचर निर्माण तथा कार्पेटिङ समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६.** चम्मालदेवी प्रावि अन्तरगतको **बालविकास भवन निर्माण** शीर्षकलाई परिवर्तन गरी सोही शीर्षकबाट चम्मालादेवी **विद्यालय भवन मर्मत** गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७.** प्रस्ताव नंर १७ मा छलफल गर्दा साविकका तीनवटै गाउँ विकास समितिमा नारी दिवस मनाउनका लागि प्रति गाविस रु२१००० का दरले रु. ६३०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८.** प्रस्ताव नं. १८ मा छलफल गर्दा कोसेटाकुरा देवीको मन्दिर निर्माणका लागि रु. १०००००/- म्याचिङ रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९.** प्रस्ताव नं. १९ मा छलफल गर्दा मोर्क खोलामा कजवे निर्माणका लागि आवश्यक पर्ने लागतमध्ये यस गाउँपालिकाको दायित्वमा पर्न आउने रकम जिल्ला प्राविधिक कार्यालयलाई समपूरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०.** प्रस्ताव नं. ६ मा छलफल गर्दा सरस्वती मा.वि. का लागि १२०० वाटको सोलार पावर जडान गर्नका लागि लागत अनुमान अनुसारको रकम समपूरक कोष उपलब्ध गराउने निर्णय गरियो ।